बागमती प्रदेश सभा
दोस्रो कार्यकाल
छैटौं अधिवेशन
बैठक संख्या: ६ र ७
सूचना पत्र-२
(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ १४ गते, बुधबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १:५१ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङलाई माननीय प्रदेश प्रमुखबाट प्रस्तुत हुने प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रति माननीय प्रदेश प्रमुख समक्ष पेश गर्न अनुमति दिनुभयो।

तत्पश्चात् माननीय प्रदेश प्रमुख महोदयले प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्बोधन गर्नुभयो।

त्यसपछि माननीय सभामुखले प्रदेश सभाको यो बैठक स्थगित भए पश्चात आ-आफ्नो स्थानमा उभिएर माननीय प्रदेश प्रमुख महोदयलाई बिदाई गर्नुहुन माननीय सदस्यहरुलाई अनुरोध गर्नुभयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक आजै दिनको ३:३० बजे बस्ने गरी सभाको बैठक दिनको २:५२ बजे स्थगित भयो।

सभाको आजको दोस्रो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको ३:५९ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शून्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो।

तत्पश्चात् माननीय सभामुखले माननीय प्रदेश प्रमुख महोदयबाट सम्बोधन भएको प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रति टेबुल गर्न माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा (तामाङ) लाई अनुमति दिनुभयो।

त्यसपछि माननीय गोविन्द लम्साललें निम्नलिखित धन्यवादको प्रस्ताव प्रस्तुत गर्नु भयोः-

"माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाबाट नेपालको संविधानको धारा १८४ बमोजिम बागमती प्रदेश सभाको बैठकलाई संवत २०८२ साल जेठ १४ गते बुधबारका दिन बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नु भएकोमा माननीय प्रदेश प्रमुखलाई धन्यवाद ज्ञापन गर्दछु।"

तत्पश्चात माननीय गोविन्द लम्सालले पेस गर्नु भएको उक्त धन्यवादको प्रस्तावलाई माननीय मधुसुदन पौडेलले समर्थन गर्नुभयो।

त्यसपछि माननीय सभामुखले उक्त धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुदाँ सर्वसम्मतीबाट पारित भयो।

तदुपरान्त माननीय सभामुखले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल मिति २०८२/०२/१९ गतेबाट प्रारम्भ हुने व्यहोरा जानकारी गराउँनुभयो।

तदनन्तर सभाको अर्को बैठक मिति २०८२/०२/१९ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक दिनको ४:१५ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव